

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन २२ गते सोमबार ❑ 6 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## सङ्क्रमणकालीन न्यायका विषयलाई टुङ्गोमा पुर्‍याउँछौँ: नौ दल

**पोखरापत्र संवाददाता**
गण्डकी, २१ फागुन

सत्ता साझेदार नौ राजनीतिक दलले सङ्क्रमणकालीन न्यायका बारेका उठेका विषयलाई अविलम्ब टुङ्गोमा पुर्‍याउने निर्णय गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बसेको नौ दलको संयुक्त बैठकले केही समययता सङ्क्रमणकालीन न्यायबारे उठेका विषयमा हाम्रो ध्यान गम्भीर रुपले आकृष्ट भएको उल्लेख गर्दै शान्ति प्रक्रियाका बाँकी कामलाई विस्तृत शान्ति सम्झौता र संविधानको भावनाअनुरूप तार्किक निष्कर्षमा पुर्‍याउन प्रतिबद्ध रहेको उल्लेख गरेका छन् ।

बैठकपछि जारी संयुक्त विज्ञप्तिमा विगतमा सम्बन्धित विषयमा कानुन निर्माण र आयोग गठन गरी केही काम सम्पन्न भएको सर्वविदितै रहेको स्पष्ट पार्दै यसबारे बाँकी कामहरू अविलम्ब पूरा गरिने जनाइएको छ । द्वन्द्वकालीन घटनाबाट पीडित नागरिक एवम् उनका परिवारलाई न्याय दिन आवश्यक विधेयक सर्वोच्च अदातलको फैसलाबमोजिम कानून बन्ने गरी संसद्को यसै अधिवेशनमा प्रस्तुत गर्ने संयुक्त विज्ञप्तिमा उल्लेख गरिएको छ ।

संयुक्त विज्ञप्तिमा अगाडि भनिएको छ, "कानून निर्माणका साथै सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिनसम्बन्धी आयोग गठन गरिनेछन् । मुलुककै महत्वपूर्ण 'एजेन्डा'का रूपमा रहेको हामी सबैको साझा विषयलाई उचित निष्कर्षमा पुर्‍याउन सबैको सकारात्मक भूमिका र सहयोगको अपेक्षा गर्दछौँ ।"

नेपालको संविधानको सार्थक कार्यान्वयनका क्रममा मुलुक तेस्रो राष्ट्रपति निर्वाचनको पूर्वसन्ध्यामा रहेको सन्दर्भ जोड्दै नौ दलले संविधानको रक्षा गर्दै देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिसम्म पुग्ने विषयमा आफूहरू स्पष्ट र एकताबद्ध रहेको जनाएका छन् ।

केही दिनयता जनताको त्याग र बलिदानबाट प्राप्त संविधान र लोकतान्त्रिक गणतन्त्रको मर्म एवम् भावना विपरीत भइरहेका केही क्रियाकलापतर्फ नौ दलले गम्भीर रुपले ध्यानाकृष्ट भएको विज्ञप्तिमा उल्लेख गरेका छन् ।

"संविधानले नचिनेका नदेखेका तथा कथित पदका नाममा गरिने संविधान विपरीतका गतिविधि र तिनलाई सहयोग गर्ने क्रियाकलापहरू लोकतन्त्र विरोधी अवाञ्छित हुन भन्ने विषयमा हामी एकमत छौँ । संविधान र लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि एकजुट भई अगाडि बढ्ने दृढता व्यक्त गर्दछौँ", संयुक्त विज्ञप्तिमा भनिएको छ ।

यसरी संयुक्त विज्ञप्ति जारी गर्नेमा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराई, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ र जनमत पार्टीका उपाध्यक्ष अब्दुल खान हुनुहुन्छ ।

## प्रेस क्लव गण्डकीको अध्यक्षमा गिरी, व्यक्तिको हक सुरक्षित भएन: मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन




प्रेस क्लब गण्डकीको अध्यक्षमा एकराज गिरी चयन भएका छन् । शनिबार पोखरामा सम्पन्न भएको प्रथम अधिवेशनले गिरीको अध्यक्षतामा ३ बर्षीय कार्यकालको लागि ७ सदस्य सर्वसम्वत रुपमा कार्यसमिति चयन भएको हो ।

संस्थाको उपाध्यक्षमा राजाराम पौडेल, सचिवमा गौरव त्रिपाठी, कोषाध्यक्षमा राजु गिरी, सहसचिव दीपा पौडेल चयन भइन भने अन्य सदस्यहरुमा आशिष पुरी र संकल्प ढुँगाना चयन भएका हुन् ।

यसैबिच, उक्त अधिवेशनको गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले उद्घाटन गर्दै व्यक्तिको मौलिक हक अधिकार सुरक्षित नभएको बताए । सामाजिक संजाल तथा दर्ता विना संचालनमा आएका केही अनलाइनहरुले व्यक्तिको हक नै हनन हुने गरी व्यक्तिका व्यक्तिगत बिषय बस्तु आम जनता माझ सार्वजनिक गर्ने गरेको उनले जनाए । प्रदेश सरकारले तत्काल आमसञ्चार विधेयक नल्याउने मुख्यमन्त्री अधिकारीले बताए । उनले सरकार र प्रतिपक्ष दलका वीचमा तत्काल आमसञ्चार विधेयक नल्याउने सहमति बनेको समेत उनले जनाए । आमसञ्चार विधेयक अपरिपक्क अबस्थामा रहेको मुख्यमन्त्री अधिकारीले उल्लेख गर्दै सूचना परिपक्क भएर मात्रै समाचार बनाउनु पर्नेमा जोड दिए । पत्रकारिता अब व्यावसायि मैत्रि वातावरण बनाउनु पर्ने बताएका मुख्यमन्त्री अधिकारी सबै मिलेर प्रदेशलाई बलियो बनाउनु पर्ने उल्लेख गरे । एमालेका पार्टी अध्यक्ष केपी शर्मा ओली माथि आक्रमण भएको उनले दाबी गरे । हाल सबै भन्दा धेरै आक्रमण यति वेला पनि ओलीलाई भएको उनको भनाई थियो । कार्यक्रममा गण्डकी प्रदेशका भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यबस्था मन्त्री हरिबहादुर चुमानले पत्रकारीताको धर्म समाजलाई सभ्य बनाउदै लैजानु पर्नेमा जोड दिए । पत्रकारिता पनि पहुच पुर्याउन तल्लो तहसम्म जानुपर्ने बताएका मन्त्री चुमानले यसमा पार्टीहरुको समेत कमजोरी भएको बताए । दुस्मनले खेद्दा मात्र जनता र तल्लो तहसम्म आफुहरु पुगेको स्मरण गर्दै मन्त्री चुमानले अब जनताले उचित मुल्यांकन गर्ने जनाए । श्रमजीवी पत्रकारहरुको क्षेत्रमा काम गर्न यस्ता संस्थाहरुलाई उनले आग्रह समेत गरे ।

गण्डकी प्रदेशका सांसद एवं पूर्वमन्त्री विन्दुकुमार थापाले सुसासन समृद्धि हासिल गर्न, सरकारलाई मार्ग दर्शन गर्ने गरी बहस र छलफल आवश्यक भएको बताए । नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता तिमिल्सिना पंगेनी, क्लबका उपाध्यक्ष राजाराम पौडेल लगायतले वोलेका थिए । उद्घाटन सत्र क्लबका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## 'माओवादी धारका सबै पार्टी नयाँ ढङ्गबाट एक हुनुपर्छ'

**पोखरापत्र संवाददाता**
गण्डकी, २१ फागुन

नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले माओवादीका धारका सबै पार्टी नयाँ ढङ्गबाट पुनः एक हुनुपर्ने बताउनुभएको छ ।

आइतबार यहाँ सहिद तथा बेपत्ता योद्धा सन्तति फाउन्डेसनले आयोजना गरेको कार्यक्रममा उहाँले भन्नुभयो, "हामीले आफना कमीकमजोरीलाई छोडेर राम्रा पक्षसहित एकता कायम गर्नुपर्छ । त्यसका लागि छलफल र समीक्षा गरौँ । माओवादीहरू नयाँ ढङ्गबाट एक हुन हुनुपर्छ । " उहाँले मिल्न सक्नेबीच एकता गर्नुअघि मोर्चा बनाएर छलफल गर्नुपर्नेमा जोडदिनुभयो । अध्यक्ष भट्टराईले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' विरुद्ध मुद्दा लगाउनु माओवादीलाई आक्रमण गर्न खोज्नु र गिज्याउनु भएको अभिव्यक्ति दिनुभयो । उहाँले भन्नुभयो, "बहालवाला प्रधानमन्त्रीलाई मुद्दा लगाउने हो ? यो निहुँ खोज्या हैन ?" उहाँले माओवादीबीच एकता हुन नसक्दा यसअघि नै धेरै कुरा गुमाउन परेको गुनासोसमेत गर्नुभयो । "पहिलो संविधानसभाबाट संविधान बनाएर जान सकेको भए योभन्दा राम्रो संविधान, सेना समायोजन र सहिद तथा बेपत्ता पारिएकासम्बन्धी आयोगको काम समयमै सम्पन्न हुने थियो । तर अभागीलाई खानेबेला रिस उठ्छ भने जस्तै हामीलाई रिस उठ्यो त्यो बेला, हामीबीच एकता हुन सकेन", उहाँले भन्नुभयो ।

नेतृत्व मोहका कारण राजनीतिमा पुस्तान्तरण हुन नसकेको उहाँको भनाइ थियो । कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लवले सहिदको बलिदानको कदर हुन नसक्नु दुःखद भएको बताउनुभयो । उहाँले भन्नुभयो, "देशको अवस्था परिवर्तन हुन नसके, सहिदहरूको बलिदानको सम्मान हुन नसके फेरि अर्को क्रान्ति अगाडि बढ्नेछ ।"

नेपाल बहुमत पार्टीका संयोजक धमेन्द्र बास्तोला कन्चनले क्रान्तिले राज्य व्यवस्थामा अझै परिवर्तन ल्याउन नसक्नु दुःखद भएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "अहिले कमीकमजोरी स्वीकार गरिरहनुभएका नेताले त्यसबेला समीक्षा गर्न नसक्दा घटेको घटना अहिले घट्न दिनुहुँदैन ।" नेकपा (माओवादी केन्द्र समाजवादी) का अध्यक्ष कर्णजित बुढाथोकीले सहिदहरूको सपना कसैले बिर्सन नहुने भन्दै आफूहरू क्रान्तिका बेला क्रान्तिकारी र सत्तामा पुगेपछि सामान्ती भएको टिप्पणी गर्नुभयो । माओवादी धारका विभिन्न पार्टीका नेता उपस्थित कार्यक्रममा सहिद तथा बेपत्ताका योद्धा सन्तति फाउन्डेसनका सदस्यहरूले माओवादीहरू एक भएर अघि बढ्न सुझाव दिनुभएको थियो । बेपत्ता योद्धा परिवार समाजका अध्यक्ष एकराज भण्डारीले सबै धारका माओवादी एक हुनपर्ने सुझाव दिँदै भन्नुभयो, "हामी सहिद तथा बेपत्ता पारिएका व्यक्तिको परिवारको नेतृत्वसँग आशा, अपेक्षासँगै आशङ्का र असन्तुष्टि पनि छन् । माओवादी तपाईंहरू व्यक्तिगत होइन, जनयुद्ध हो र एउटा टिम हो । तपाईंहरू सबै एक ठाँउमा उभिनुस् र एक ठाँउमा बस्नुस् हामी आग्रह गर्छौं ।"

## द्वन्द्वकालका मुद्दा अल्झाइराख्न मिल्दैन : सर्वोच्च अदालत

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन

सर्वोच्च अदालतले सशस्त्र द्वन्द्वकालमा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनालाई विभिन्न कारण देखाई अनन्तकालसम्म अल्झाइराख्न नमिल्ने ठहर गरेको छ ।

न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र हरिप्रसाद फुँयालको संयुक्त इजलासले शुक्रबार जारी गरेको आदेशमा उक्त ठहर गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' विरुद्धको मुद्दा दर्ता गर्न आदेश गरेको हो । आदेशमा शान्ति सम्झौता, नेपालको संविधान, यस अदालतबाट भएको फैसला तथा अन्तर्राष्ट्रिय कानून र सिद्धान्तबमोजिम पीडितहरूले सत्यतथ्य जानकारी पाउने तथा न्याय र परिपूरण पाउने विषयहरू विभिन्न कारण देखाई यस्ता मुद्दा अनन्तकालसम्म अल्झाइराख्न नमिल्ने उल्लेख छ ।

"विषयवस्तुको गम्भीरता र


बाँकी अन्तिम पृष्ठमा ▶▶


## श्रमिकका समस्या समाधान हुनुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन



नेपाल ट्रेड युनियन काँग्रेसको ७७ औं स्थापना दिवसका अवसरमा नेपाल ट्रेड युनियन काँग्रेस कास्कीद्वारा आइतबार पोखरामा आयोजित कार्यक्रममा श्रमिक वर्गले भोग्दै आएका समस्याको दीर्घकालीन


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१


## वडा कार्यालय बनाउन बजेट समस्या

**पोखरापत्र संवाददाता**
वालिङ, २१ फागुन

वालिङ नगरपालिकाका १४ वडामध्ये ५ वडा कार्यालयले अझै पनि भाडाकै घरबाट आफ्नो सेवा प्रवाह गरिरहेका छन् ।

आफ्नै भवन र स्वास्थ्य चौकीको भवनबाट विभिन्न नौ वडा कार्यालयहरु सञ्चालनमा रहेका प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराईले बताउनुभयो । "नगरपालिकासित भवन बनाउनका लागि बजेट नहुने समस्या छ", उहाँले भन्नुभयो, "संघीय तथा प्रदेश सरकारले पनि भवन निर्माणका लागि त्यति धेरै महत्व नदिने भएकाले वडा कार्यालयका भवन निर्माण गर्न नसकिएको हो ।"

वडा नं. १३ को कार्यालय भवन निर्माण सम्पन्न हुन लागेको उहाँले जानकारी दिनुभयो । हाल स्वास्थ्य चौकीको भवनबाट सेवा दिइरहेको वडा नं. ४ को भवन निर्माणका लागि प्रक्रिया पूरा भई निर्माण थालनी भएको छ । वडा नं. ९ को लागि पनि साविकको पशु सेवा केन्द्र रहेको भवनबाट सेवा दिने तयारी भइरहेता पनि निर्णय हुन बाँकी रहेको जनाइएको छ ।

आफ्नै वडा कार्यालयको भवन नभएका वडाका लागि जग्गा प्राप्तिका लागि प्रक्रियामा रहेको तर उपयुक्त जग्गा नपाइएको उहाँले बताउनुभयो । भाडामा रहेका वडामा वडा नं. ८, ९, १०, ११ र १३ छन् । नगरपालिकाले मासिक घर भाडावापत रु ४९ हजार पाँच सय १० बुझाउने गरेको नगरपालिकाका लेखा सहायक ईश्वरीप्रसाद तिवारीले बताउनुभयो ।

उहाँका अनुसार वडा नं. ८ को मासिक सात हजार सात सय, वडा नं. ९ को १२ हजार, वडा नं. १० को ११ हजार, वडा नं. ११ को आठ हजार आठ सय र वडा नं. १३ को १० हजार १० रकम घरभाडा वापत बुझाउने गरेको छ ।

नगरपालिकाले पाँच वडाको कार्यालय सञ्चालन गरेवापत वार्षिक रु पाँच लाख ९४ हजार एक सय २० घरभाडा बुझाउने गरेको जनाइएको छ ।

# तेश्रो शितल ज्योति कप अन्तर्गत आइतबार ६ खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २१ फागुन



तेश्रो शितल ज्योति कप सेभेन ए साइड फुटवल प्रतियोगितामा अन्तर्गत आइतबार पहिलो चरणका ६ खेलहरु सम्पन्न भएका छन् ।

शितल ज्योति युवा क्लवको आयोजनामा पोखराको अम्मरसिंह खेल मैदानमा आइतबार भएको खेलमा तिला फुटवल क्लव, दीप यूनाइटेड, इलाइट एफ.सी., भद्रकालि एफ.सी., बी थट्टीन र कमल पोखरी बीले जित हासिल गरेका छन् । आइतबारको पहिलो खेलमा तिला एफ.सी.ले जेम्स एफ.सीलाई ४–० को एकतर्फी फराकिलो गोल अन्तरले पराजित गर्‍यो । तिलाको जितमा अविशेक थापा, बादल रानाभाट, सन्जु मगर र रविन तामाङले गोल गरे ।

दोश्रो खेलमा इलाइट एफ.सी.ले कमल पोखरी एको समुहलाई २–१ को भिनो गोलअन्तरले पराजित गर्‍यो । इलाइटको जितमा कृष्ण कुमाल र सुदिप थापाले एक एक गोल गर्दा कमल पोखरीका सागर गुरुङले एक गोल गरे ।

तेश्रो खेलमा दीप युनाइटेडले यूनाइटेड अर्चलवोटलाई १–० को भिनो गोल अन्तरले पराजित गर्‍यो । दीपका प्रनिल रानाभाटले गरेको एक गोल नै निर्णायक बन्न पुग्यो । चौथो खेलमा भद्रकालि एफ.सी.ले सहज जित दर्ता गर्‍यो । प्रतियोगितामा नेपाल मुस्लिम युथ क्लब सहभागि नभएको हुदा भद्रकालिले वाकओभरमा सहज जित दर्ता गरेको हो । पाचौं खेलमा बि थट्टीनले याम्दी एफ.सी.लाई ३–० को शान्दार जित हासिल गर्‍यो । बि थट्टीनको जितमा दीपेश गुरुङले दुई र मिलन गुरुङले गोलको योगदान दिए । आइतबारको अन्तिम खेलमा कमल पोखरी बीले काउरे बयर घार २–१ को गोल अन्तरले पराजित गर्‍यो । कमल पोखरीको जितमा सन्दीप गुरुङले दुई गोल गरे । काउरेका समिर गुरुङले एक गोल गरे । यसैबिच, भोलि सोमबार पनि पहिलो लिग चरणकै ६ खेलहरु हुने भएको रेफ्रि सौरव गुरुङले बताए ।

फागुन २७ सम्म चल्ने प्रतियोगितामा २९ टिमको सहभागिता रहेको संयोजक सन्तोष गुरुङले बताए । प्रतियोगिताका बिजेताले १ लाख ५५ हजार ५ सय ५५, उपविजेताले ८५ हजार ५ सय ५५ रुपैयाको साथमा ट्रफी मेडल र प्रमाणपत्र वितरण गरिने भएको उनले जनाए । सेमिफाइनलमा प्रबेश गर्ने टिमलाई १० हजार, प्रतियोगिताको क्वाटरफाइनलबाट म्यान अफ दी म्याच घोषित गरिने भएको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई माउण्टेन वाइक पुरस्कार वितरण गरिने भएको क्लवका अध्यक्ष नर प्रसाद गुरुङले बताए ।

प्रतियोगितामा उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट सर्वाधिक गोलकर्ता, उत्कृष्ट प्रशिक्षकलाई जनही ५ हजारको साथमा ट्रफी प्रदान गरिने भएको सचिव पुर्ण गुरुङले जनाए । स्थानिय खेलाडी उत्पादन गर्ने उद्धेश्यले उक्त प्रतियोगिता आयोजना गरिएको उनले बताए ।

# चैत २९ बाट फेवा नव वर्ष महोत्सव

पोखरापत्र संवाददाता
पोखरा, २१ फागुन



होटल संघ पोखरा नेपालले १८ औं फेवा नव बर्ष महोत्सवको तयारी अगाडि बढाएको छ ।

आगामी चैत २९, ३० र वैशाख १ गते पोखराको लेकसाइड स्थित अम्मटदेखि हल्लनचोकसम्मको सडकमा यो महोत्सव हुन लागेको संघका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले जानकारी दिए ।

कोभिड १९ बाट थला परेको पर्यटनलाई पुनरुत्थान गर्दै पर्यटकीय गतिविधिमा चहलपहल बढाउन महोत्सव सहायक हुने विश्वास गरिएको संयोजक सुवेदीले बताए । महोत्सवमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ । आर्थिक गतिविधि चलायमान बनाउँदै आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन गर्न महोत्सवले सघाउने विश्वास पनि उनले व्यक्त गरे । अंग्रेजी नयाँ बर्ष जस्तै नेपाली नयाँ बर्षलाई पनि भव्यताका साथ मनाउँदै खाना, संस्कृति र संगीतको पक्षलाई महोत्सवले मुख्य जोड दिने छ । फेवा तालको संरक्षणमा समेत महोत्सवले सन्देश प्रवाह गर्ने संघको विश्वास छ ।

विभिन्न उपसमितिहरुको गठनसँगै महोत्सवलाई आकर्षक र नयाँ ढंगले सम्पन्न गर्न तयारीहरु अगाडि बढिसकेको संघका प्रथम उपाध्यक्ष एवं महोत्सवका सहसंयोजक दीपक श्रेष्ठले जानकारी दिए । महोत्सवका अवसरमा दोहोरी तथा गीत संगीतका कार्यक्रम, पप कन्सर्ट, नाचगान र अन्य मनोरञ्जनात्मक प्रस्तुतीहरुलाई समेटिने संघका द्वितीय उपाध्यक्ष एवं महोत्सवका अर्का सहसंयोजक गणेश पहारीले जानकारी दिए ।

महोत्सवको उद्घाटन अघि झाँकीहरुको र्‍याली निकालिने छ । महोत्सवको तयारीबारे जानकारी र प्रचारका कार्यक्रम छिटै सार्वजनिक गरिने संघका महासचिव राजेन्द्र ढकालले जानकारी दिए ।

# मर्दीखोला शैक्षिक प्रतिष्ठानद्वारा छात्रवृत्ती र शैक्षिक सामाग्री वितरण

पोखरापत्र संवाददाता
पोखरा, २१ फागुन



मर्दीखोला नेपाल शैक्षिक प्रतिष्ठानले आफ्नो २४ औं वार्षिकोत्सवका अवसरमा ५ लाख बराबरको छात्रवृत्ती र शैक्षिक सामाग्री वितरण गरेको छ ।

कास्कीका विभिन्न सरकारी विद्यालयका कक्षा ११ र १२ मा अध्ययनरत गरिब तथा जेहेन्दार १५ जना विद्यार्थीहरुलाई १२ हजारका दरले १ लाख ८० हजार छात्रवृत्तीका लागि नगद र ७ विद्यालयलाई ३ लाख २० हजार बराबरको विज्ञान तथा गणितिय शैक्षिक सामाग्री प्रतिष्ठानले वितरण गरेको हो ।

शैक्षिक सामाग्री पाउने विद्यालयमा महेन्द्र मावि लाहाचोक, पृथ्वीनारायण मावि धम्पुस, निष्पक्ष मावि हुम्दी, बराह मावि भिडाबारी, माछापुच्छे मावि ढिकुरपोखरी, सृजना सामुदायिक मावि सिमपाली र संगम मावि चन्द्राकोट रहेका छन् ।

कार्यक्रममा गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य बहादुर खड्का 'बिखर्ची' ले अशिक्षा, अज्ञानतामा रुमलिएका मानिसलाई चिरा पार्ने भनेकै शिक्षा रहेको हुँदा शिक्षा क्षेत्रमा योगदान दिने व्यक्तिहरु सधै आदरणिय रहने बताए । पाएको सहयोगको उचित प्रयोग गर्नुपर्ने उनको भनाई थियो ।

त्यस्तै कार्यक्रमको अध्यक्षता गरेका प्रतिष्ठानका सचिव डिल्लीराम गिरीले प्रतिष्ठानको उद्देश्य भनेकै कुनै पनि विद्यार्थी आर्थिक अभावका कारण शिक्षाबाट वञ्चित नहुन् भन्ने रहेको बताए । प्रतिष्ठानले कुनै निजी स्वार्थको लागि नभई समाज र विद्यालयको सल्लाह, सुझाव अनुसार छात्रवृत्ती र विद्यालयलाई वार्षिकरुपमा शैक्षिक सामाग्री वितरण गर्दै आएको जानकारी गिरीले दिए । साथै उनले विद्यालय तथा विद्यार्थीलाई प्रतिष्ठानबाट प्राप्त सहयोगको दुरुपयोग नगर्न पनि आग्रह गरे । कुनै पनि विद्यालय वा विद्यार्थी आर्थिक अभावका कारण पढाइबाट बञ्चित छन् भने प्रतिष्ठान सदैव सहयोगका लागि तयार रहेको गिरीले बताए ।

कार्यक्रममा माछापुच्छे गाउँपालिकाका अध्यक्ष मिन बहादुर गुरुङ, माछापुच्छे गाउँपालिका शिक्षा शाखा प्रमुख सम्झना पोखरेल, माछापुच्छे गाउँपालिका वडा नं. ५ का वडाध्यक्ष नारायण प्रसाद पौडेल, निष्पक्ष माविका प्रधानाध्यापक दुर्गा रावत, महेन्द्र माविका सहायक प्रधान शिक्षक मिनराज अधिकारी लगाएतले शुभकामना मन्तव्य राखेका थिए । कास्की माछापुच्छे गाउँपालिका वडा नं. ४ लाहाचोकमा अवस्थित महेन्द्र माविको सभाहलमा भएको कार्यक्रमको सञ्चालन प्रतिष्ठानका कोषाध्यक्ष अनिल लामिछानेले गरेका थिए । साँस्कृतिक प्रस्तुती सहितको कार्यक्रममा स्वागत मन्तब्य प्रतिष्ठानका पूर्व सचिव गोपाल गिरीले राखेका थिए ।

मर्दीखोला शैक्षिक प्रतिष्ठानले २०५४ सालदेखि कार्य शुरु गरि २०५६ सालमा विधिवत दर्ता गरि शैक्षिक क्षेत्रमा निरन्तर योगदान दिँदै आएको छ । यसका संस्थापक अध्यक्ष डा. राम गिरी हाल जापानमा छन् । प्रतिष्ठानले अहिलेको र पछिल्लो तीन वर्षमा शिक्षा क्षेत्रमा मात्रै १६ लाख २० हजार खर्च गरिसकेको सार्वजनिक खर्च विवरणमा उल्लेख छ ।

## श्रमिकका...

समाधान हुनुपर्नेमा जोड दिइएको छ ।

नेपालका परिवर्तनका आन्दोलनमा श्रमिक वर्गले अतुलनीय योगदान गरे पनि उनीहरूका समस्या समाधानलाई प्राथमिकतामा नराखिएको बताउँदै वक्ताहरूले उनीहरूका सामाजिक सुरक्षाका विषयलाई निष्कर्षमा पुऱ्याउनुपर्ने बताए ।

नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले संघर्ष स्वरुप प्राप्त परिवर्तनलाई व्यवस्थापन गर्न समय समयमा चुक्दा समस्या आउने गरेको बताउनुभयो । हामीसँग पर्याप्त प्राकृतिक सम्पदा रहेपनि उपयोग हुन नसकेको वास्तविकतामा क्षमतालाई भरपुर उपयोग हुने वातावरण सिर्जना हुनुपर्नेमा जोड दिनुभयो । श्रमिक क्षेत्रका समस्याको समाधानका लागि काँग्रेस प्रतिवद्ध भएको बताउँदै उहाँले सबै मिलेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । नेपाल ट्रेड युनियन काँग्रेसका केन्द्रीय उपमहासचिव राजेश पालिखेले श्रमिक वर्गले भोग्दै आएका सामाजिक सुरक्षा लगायत समस्याको दीर्घकालीन समाधानका लागि नीतिगत व्यवस्थासँगै कानुनहरूको कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो । नेपाली काँग्रेस कास्कीका शुभेच्छुक संस्था संस्था संयोजक गंगाधर पराजुलीले नेपालका सबै किसिमका आन्दोलनमा दलहरूले मजदुर बर्गलाई प्रयोग गर्दै आए पनि उनीहरूका समस्या समाधानलाई प्राथमिकतामा नराखेको बताउनुभयो । कार्यक्रममा नेपाल ट्रेड युनियन काँग्रेसका केन्द्रीय सदस्य जीतबहादुर गुरुङ, निवर्तमान कास्की जिल्ला अध्यक्ष कुलदेवी बराल, उपाध्यक्ष कमलबहादुर सापकोटा, सचिव रुद्र तिमल्सिना लगायतले मजदुरका समस्यालाई दीर्घकालीन समाधान गर्ने तर्फ लाग्नु जरुरी रहेको बताउनुभयो ।

## द्वन्द्वकालका...

संवेदनशीलतातर्फ दृष्टिगत गर्दा यस प्रकारको रिट निवेदनलाई न्यायिक प्रक्रियामा प्रवेश हुन नदिने गरी दरपीठ गर्नु अनुचित हुन्छ", आदेश भनिएको छ, "तसर्थ पेस हुन आएको रिट निवेदन दरपीठ गर्ने गरी यस अदालतका रजिष्ट्रारबाट मिति २०७९/७/२४ मा भएको आदेश बेरीतको देखिँदा बदर गरिएको छ, अन्य कुराको रीत पुगेको भए प्रस्तुत रिट निवेदन दर्ता गरी अरू नियमानुसार गर्नू ।" आदेशमा न्याय र परिपूरण पाउने विषयहरू विभिन्न कारण देखाई अनन्तकालसम्म अल्झाइराख्न नमिल्ने ठहर गर्दै भनिएको छ, "त्यस्ता सङ्क्रमणकालीन निकायहरू निष्क्रिय रहेको र कानून निर्माण समेतको कार्य प्रभावकारी भएको देखिनुपर्ने अवस्थामा सङ्क्रमणकालीन न्यायिक संयन्त्रबाट सुनुवाइ नै नभएको वा प्रभावकारी न्याय प्राप्त हुन नसकेको विषयलाई लिएर पीडित पक्षले हक प्रचलनका लागि यस अदालतमा प्रवेश नै नपाउने भन्ने कुरालाई संविधानसम्मत, न्यायोचित र तर्कपूर्ण मान्न पनि मिल्दैन ।"


**बालविवाह सामाजिक र कानूनी अपराध हो।**

◆ बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
◆ उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
◆ त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।




**कपालको उपचार**

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# माओवादी जुटाउने प्रयास

संसदमा तेस्रो शक्तिमा खुम्चिएको नेकपा माओवादी केन्द्र कहिले कांग्रेस त कहिले एमालेसँग मिलेर सत्तामा अटुट छ। माओवादीका दुई जना नेता प्रधानमन्त्री भइसकेका छन । माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड तेस्रोपटक प्रधानमन्त्री भएका छन । दुई पटक एमालेको समर्थनमा र एक पटक काङ्ग्रेसको समर्थनमा प्रधानमन्त्री भएका प्रचण्ड विरुद्ध ठाडै अदालतले 'प्रचण्ड' विरुद्धको मुद्दा दर्ता गर्न आदेश दिएको छ।

तर, जनमत ओरालो लागेपछि प्रचण्डले अहिले पूर्वमाओवादीहरूलाई एकजुट बनाउने पहल थालेका छन् । आइतबार शहीद तथा बेपत्ता योद्धा सन्तति फाउण्डेसनले काठमाडौंमा आयोजना गरेको 'जनयुद्ध, शहीद तथा बेपत्ता योद्धाको योगदान र नेतृत्वको दायित्व' विषयक अन्तरसंवाद कार्यक्रममा पूर्वमाओवादी धारका नेता एउटै मञ्चमा देखिए।

लामो समयदेखि अलग-अलग बाटोमा हिँडेका पूर्वमाओवादी नेताहरुले आफूहरू एकै ठाउँमा पुनः नआई सुखै नहुने अभिव्यक्ति दिनु प्रतिक्रिया हो । प्रचण्डसहित नेसपा अध्यक्ष बाबुराम भट्टराई, नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लव, नेकपा माओवादी बहुमतका नेता धर्मेन्द्र बास्तोला, नेकपा माओवादी समाजवादीका अध्यक्ष कर्णजीत बुढाथोकीलगायत सहभागी थिए।

सम्बोधनको क्रममा बाबुराम, विप्लवलगायतका नेताले प्रचण्डमाथि ५ हजार जनाको हत्या गरेको साबिती बयानलाई आधार बनाएर कारबाही गर्न माग गर्दै सर्वोच्चमा दायर रिटप्रति इंगित गर्दै अभिव्यक्ति दिएकी छन् ।विभाजित माओवादी पार्टीका विभिन्न घटकलाई एकताबद्ध हुन आह्वान गरेकोलाई सकारात्मक मान्नुपर्छ।

सबै माओवादी एक ठाउँमा केन्द्रित हुने र ' फेरि हामी माओवादीहरू सबै एक ठाउँमा केन्द्रित हुन जरुरी छामाओवादी आन्दोलन ठूलो प्रवाहको रूपमा अगाडि आयो । शान्ति प्रक्रियापछि यो विभिन्न भँगालामा विभाजित जस्तो भयो। हामी सबैले सबैका अनुभव यहाँ बाबुरामजी, विप्लवजी र किरणजीले हासिल गरेका र धर्मेन्द्रजीले हासिल गर्दै गरेका अनुभव अमुल्य छाडअनि मात्र हामी शहीद, बेपत्ता योद्धाका सपनाप्रति उत्तरदायी हुन प्रेरित गरेको छ। 'मिल्न सक्नेहरू जति एक ठाउँमा एउटा पार्टी बनाउने प्रयासलाई सबैले खुला हृदयले सघाउनु आवश्यक छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पुष्पसदनको ३५ औँ अभिभावक दिवस सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन

पोखरा महानगरपालिका वडा ११ स्थित पुष्पसदन एकेडेमीको ३५ औँ अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम आइतवार सम्पन्न भयो।

गण्डकी शिक्षा विकास निर्देशनलायका निमित्त निर्देशक अम्विकाप्रसाद आचार्यले अभिभावक दिवसको उद्घाटन गर्दै गुणस्तरिय शिक्षाप्रदानमा पुष्पसदन विद्यालयको महत्वपूर्ण योगदान रहेको चर्चा गरे । विद्यालयक प्राचार्य भीम प्रसाद न्यौपानेले विद्यालयको प्रगति प्रतिबेदन प्रस्तुतगर्दै विद्यालयले विविन्न क्षेत्रमा भएका उपलब्धी र भावी योजना बारे प्रकाश



पारेका थिए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अजय थापाको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका निर्देशक शिवलाल रिमाल र कक्षा ९ मा अध्ययनरत छात्र अनमोल थापाले स्वागत गरेका थिए।

त्यसैगरी विद्यालय व्यवस्थापन समितिका सदस्य टिकाराम गुरुङ, नवप्रभात माविका प्राचार्य माया थापा, नेशनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी लगायत वोलेको कार्यक्रममा नेपाली विषय शिक्षक उत्तम पौडेल र विद्यार्हिरुवाट कक्षा १० मा अध्ययनरत रिजना अधिकारी र राजिता कंडेलद्धारा संचालन गरेका थिए। कार्यक्रममा विद्यालयका शिक्षकमा सुनिता मल्ल एवं दीर्घसेवा अर्न्तगत विद्यालयको कर्मचारी थनिसरा थापालाइ सम्मान गरिएको थियो।

विस २०७६, २०७७, २०७८ कापूर्व विद्यार्थीहरुलाइ मायाको चिनो प्रदान गरिएको थियो । विद्यार्थीहरुले विविन्न गितहरुमा उत्कृष्ट नृत्य प्रस्तुत गरेका थिए । वर्तमान समयमा विद्यार्थीहरुमा मोवाइल फोनले पारेको असरका सम्बन्धमा विद्यार्थीहरुले उत्कृष्ट नाटक प्रस्तुत गरेका थिए।

# उपसभामुखका स्वकिय सचिव प्रकाश शर्माद्धारा विपन्नलाई आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन

गण्डकी प्रदेशका उपसभामुख विना कुमारी थापाका स्वकीय सचिव प्रकाश शर्माले असहाय एवम् दिर्घरोगीहरुलाई आर्थिक सहयोग गरेका छन्।

आइतबार एक कार्यक्रमकाबीच ५ जना विपन्न एवम् दिर्घरोगीहरुलाई आर्थिक सहयोग गरेका हुन।

साथै स्वकिय सचिव शर्माले आफ्नो प्रत्येक महिनाको मासिक पारिश्रमिकबाट केही रकम निरन्तर सामाजिक सेवामा खर्च गर्ने बताए । उनले भने , "मेरो मासिक पारिश्रमिक मध्येबाट प्रत्येक महिना ५ जना विपन्न, असहाय एवम् दिर्घरोगीहरुलाई उपचारमा सहयोग पुगोस भन्ने उद्धेश्यले निरन्तर सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गर्दछु।" स्वकिय सचिव शर्माले पहिलो महिनाको तलबबाट माछापुच्छ्रे गाउँपालिका वडा नं ३, घाचोक निवासी दुवै मृगौला फेल भई उपचाररत ५० वर्षीया बुद्धिमाया नेपालीलाई रु एक हजार नगद सहयोग गरेका हुन्। त्यस्तै आइतबार पोखरा -९ सुकुम्वासी बस्तीमा बस्ने क्यान्सर पिडित दुबै खुट्टा नभएका ४५ वर्षँका कृष्ण परियारलाई आर्थिक सहयोग स्वरुप एक हजार सहयोग गरेका छन्। त्यस्तै पोखरा-९, पार्वती टोलमा बस्ने लामो समयदेखि पाटे घरको क्यान्सरबाट पिडित ५५ वर्षीया चन्द्र कुमारी पाण्डे, पोखरा -९ , शान्तिवन निवासी नसा सम्वन्धि रोगबाट पिडित ७० वर्षीया देवि लामा र सोही स्थानका बस्ने शारिरिक रुपमा अपांगता भएकी १९ वर्षकी रूपा परियारलाई समान एक, एक हजार आर्थिक सहयोग गरेका छन्। रुपा परियारका आमा र दाइको गत वर्ष क्यान्सरका कारण मृत्यु भएको थियो। कार्यक्रममा नेपाल राष्ट्रिय अपाङ्ग सेवा समाजका अध्यक्ष वुद्धि वहादुर पन्त, समाजसेवि जित वहादुर मोक्तान, पार्वती टोल आमा समुहका अध्यक्ष लेखमाया गुरूङ लगायतको उपस्थिति रहेको थियो । विश्वासानन्द फाउण्डेशनका केन्दिय महासचिव एवं नेपाल रेडक्रस सोसाईटी पोखरा ९ उपशाखाका सचिव समेत रहेका शर्मा निवर्तमान उपसभामुख सृजना शर्माको ५ वर्ष प्रमुख स्वकिय सचिव भै काम गरिसका छन्।

# सरकारले किसानको समस्या सुनेन

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ फागुन

तनहुँका कृषकले सरकारले आफूहरुको समस्या नसुनेको गुनासो गरेका छन् । पछिल्लो समय कृषि व्यवसाय र कृषकले भोग्दै आएको समस्याबारे सरकारले ध्यान नदिएको गुनासो गर्दै उनीहरुले आफ्ना माग सम्बोधन गर्न सरकार उदासिन देखिए आन्दोलनमा उत्रनुको विकल्प नभएको बताए।

अण्डा उत्पादक कृषक खेमराज अधिकारीले अण्डा उत्पादनमा दैनिक ६० प्रतिशत घाटा व्यहोर्न बाध्य भएको बताउनुभयो। जिल्लामा ९६ अण्डा उत्पादक कृषकले दैनिक

साढे दुई लाख अण्डा उत्पादन गर्दै आएका र वार्षिक रु छ अर्ब बढी अण्डा उत्पादनमा लगानी गरेपनि सोचेअनुसारको प्रतिफल नपाएको बताउनुभयो।

कृषक ईश्वरराज पन्थले किसानको अवस्था दिनदिनै नाजुक बन्दै गएकाले किसान

विद्रोहमा उत्रिन बाध्य भएको बताउनुभयो । उहाँले उत्पादनको मूल्यभन्दा लागत मूल्य बढी हुने, बैंकको व्याज अस्वाभाविक तवरले बढ्ने र उत्पादनले उचित बजार नपाउने समस्याले किसान व्यवसायबाट विस्थापित हुने अवस्थामा पुगेका छन् भन्नुभयो।

दुग्ध उत्पादक कृषक रमेशप्रसाद आचार्यले कृषकले अहिले भोगेको समस्या समाधान गरी कृषिलाई जोगाउन सरकारले पहल गर्नुपर्नेमा जोड दिनुभयो । "सरकार हाम्रा मागप्रति सचेत भएन भने हामी व्यवसाय छोड्न बाध्य हुन्छौं", उहाँले भन्नुभयो।

दुग्ध उत्पादक सङ्घका अध्यक्ष कालिका पौडेलले राज्यको विद्यमान नीतिले तनहुँमा दुग्ध उत्पादक कृषक पीडित भएको बताउनुभयो । दूधमा उत्पादनभन्दा लागत मूल्य बढी परेकाले व्यवसाय धान्न पनि कठिन भएको उहाँको भनाइ थियो । अण्डा उत्पादक कृषक राजु खड्काले उत्पादनलाई बजारीकरण गर्न सरकारले ठोस नीति ल्याउनुपर्नेमा जोड दिनुभयो। दुग्ध उत्पादक कृषक भगवती जिसीले कृषि पेसालाई अपहेलित पेसाका रुपमा व्याख्या गर्ने प्रवृत्तिले निराशा पैदा गरेको छ भन्नुभयो। कृषकले समस्या समाधानका लागि दबाब दिन सङ्घर्ष समिति गठन गरेका छन् । उक्त समितिले उत्पादनमा आधारित अनुदान व्यवस्था हुनुपर्ने, सरकारमार्फत सिधैँ कृषि कर्जा तथा बीमा सुविधा प्रदान गर्नुपर्ने, कृषि उत्पादन सोझै खरिदका लागि ग्यारेन्टी हुनुपर्ने, किसानलाई कालोसूचीमा पुर्‍याउने बैंकलाई पनि कालोसूचीमा राख्नुपर्ने, बैंकिङ आतङ्क बन्द गर्नुपर्ने माग गर्दै आएका छन्।

त्यस्तै विदेशी विषादीयुक्त तरकारी, फलफूल तथा पशुपक्षीको आयात बन्द गर्नुपर्ने, आश्वासनमा फसाएर लादिएको कृषि कर्जा मिनाहा गर्नुपर्ने, परियोजनाको धितोमा शून्य प्रतिशत व्याजदरमा कृषि कर्जा प्रदान गर्नुपर्ने, कृषि कर्जा अनुदान अपचलन गर्नेलाई तुरुन्त कारबाही गर्नुपर्ने, दाबी भुक्तानी नदिने बीमा कम्पनी खारेज गर्नुपर्ने, लघुबित्त कम्पनीलाई नियन्त्रण गर्नुपर्ने, किसान पेन्सन योजना कार्यावन्यन गर्नु पर्नेलगायत माग गरेका छन्।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७९/११/२१

यस कार्यालयबाट मिति १७१३५/०७७/०७८ मा कास्की जिल्ला पोखरा १३ मा संचालन गर्ने गरि पोखरा १३ कास्की निवासी शिव नेपालीको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. १७१३५/०७७/०७८ को भद्रकाली ढुवानी सेवा नामक फर्मको संचालक श्री शिव नेपालीले मिति २०७९/११/२१ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**


# रेडियो अन्नपूर्णले चैत १८ गते बृहत रक्तदान गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन

रेडियो अन्नपूर्णले आउँदो चैत १८ गते बृहत रक्तदान कार्यक्रम आयोजना गर्ने भएको छ । रेडियोले सामाजिक उत्तरदायित्व अर्न्तगत यसबर्ष पनि चैतको तेश्रो शनिबार २१ औं बृहत खुल्ला रक्तदान कार्यक्रम आयोजना गर्ने भएको रेडियोका स्टेशन म्यानेजर संजयकुमार मल्लले जानकारी दिए।

रक्तदान कार्यक्रमलाई सफल बनाउन विभिन्न समितिहरु समेत गठन गरिएको छ। आइतबार बसेको बैठकले कृष्ण सुवेदीलाई संयोजक र सबिन रेग्मीलाई सहसंयोजकको जिम्मेवारी दिइएको छ।

नारायण क्षेत्रीलाई प्रचारप्रसार संयोजकको जिम्मेवारी दिइएको छ । बजार ब्यबस्थापकको उपसमितिमा नारायाण पौडेल, आर्थिक ब्यबस्थापन संयोजकमा अगन्धर सुबेदीलाई तोकिएको छ।

प्रमाणपत्र वितरण तथा रेकर्डमा राजाराम पौडेल, संघ संस्था परिचालनमा आरजु बिष्ट सल्यानी, स्वागत तथा स्वयमसेवक ब्यबस्थापनमा शोभा नेपाल, प्रत्यक्ष प्रशारणमा कञ्चन थापा, युवा परिचालन उपसमितिमा कबिता श्रेष्ठ र प्राविधिकमा नारायण कुइकेललाई जिम्मेवारी दिइएको स्टेशन म्यानेजार मल्लले बताए।

# तनहुँ जलविद्युत् आयोजना : ३४ प्रतिशत प्रगति

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ फागुन

तनहुँको ऋषिङ गाउँपालिकामा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको भौतिक प्रगति ३४ प्रतिशत पुगेको छ।

तीन चरणमा काम भइरहेको आयोजनाको हालसम्म३१ दशमलव८२ प्रतिशत वित्तीय प्रगति हासिलगरेको आयोजनाको प्रबर्द्धक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले जानकारी दिनुभयो।

श्रेष्ठका अनुसार यस अवधिमा रू १३ अर्ब ७५ करोड ६७ लाख ५० हजार खर्च भएको छ। केही दिन अगाडि मात्रै आयोजनाको प्रवेश सुरुङको 'ब्रेक थ्रु' भएको थियो । सेती नदीको बायाँ किनारतर्फबाट प्रस्तावित बाँधको माथिल्लो भागतर्फ जाने चार सय ३६ मिटर लम्बाइ र सात मिटर चौडाइको प्रवेश सुरुङमा 'ब्रेक थ्रु' भएको हो।


त्रिभुवन विश्वविद्यालय
**वन विज्ञान अध्ययन संस्थान**
**पोखरा क्याम्पस**
**पोखरा, नेपाल**

**पार्किङ स्थल निर्माण गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

यस क्याम्पसको गुराँश र कस्तुरी छात्रवास नजिक पार्किङ स्थल बनाउनु पर्ने भएको हुँदा भ्याट बाहेक रु. ३,९०,२६२.७०/-(तीन लाख नब्बे हजार दुई सय बैसठ्ठी र पैसा सत्तरी मात्र) मा नबढाई कामकाज गर्न ईच्छुक, कालो सूचीमा नपरेका आधिकारिक ईजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/१२/०५ गते भित्र रीतपूर्वकको शीलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्यािम्पस प्रमुख

# हिमपात भएपछि किसान खुसी

**पोखरापत्र संवाददाता**
मनाङ, २१ फागुन

हिमाली जिल्ला मनाङमा ढिला गरी हिमपात हुँदा किसान खुशी भएका छन् ।

डिस्याङ गाउँपालिका-१ पिसाङका ७४ वर्षीय किसान याङ्दुङ गुरुङले ढिलै गरी भएको हिमपातले आलु र करुको उत्पादन बढ्नसक्ने बताउनुभयो । "यहाँको मुख्यबाली आलु र करु हो । चैत, वैशाखमा लगाइने यी बालीलाई पुसमा हिउँ पर्नुपर्छ । यसपटक ढिला गरी पऱ्यो, माटो राम्ररी नभिजे पनि सुक्खापन केही कम हुन्छ", उहाँले भन्नुभयो, "जमिन तातिएपछि हिमपात हुँदा हिउँको पानी जमिनमुनी नपुग्दै माथि नै सुक्छ । चिस्यान नभए खेतीबालीलाई पुग्दैन, उत्पादन घट्छ, तर पनि केही मात्रामा हिमपात हुँदा पनि हामी खुसी भएका छौं ।",

उहाँका अनुसार समयमा हिमपात नहुँदा सबैभन्दा बढी स्याउ उत्पादनमा असर पर्छ । "स्याउ फुल्ने भनेको फागुन, चैतमा हो । फागुन सकिने बेलामा परेको हिमपातले स्याउको जरासम्म सिँचाइ हुँदैन", उहाँले भन्नुभयो, "आवश्यक मात्रामा न हिमपात भएको छ, न त पानी नै परेको छ ।" जिल्लामा जेठमा फापर , चैततिर गहुँ, आलु र केराउ लगाइन्छ । "पुसमा हिउँ परेको भए जमिनमुनीसम्म पानीको मात्रा पुग्छ । अहिले समयमा हिउँ खेतीबाली के राम्रो होला खै ? तापक्रम बढेपछि परेको हिउँ पग्लिएर माथि-माथि नै सुक्छ। बारीमा लगाएको बालीको जरासम्म पुग्दैन", किसान गुरुङले भन्नुभयो । कार्यवाहक प्रमुख जिल्ला अधिकारी शिशिर घिमिरेले जिल्लामा फागुनको तेस्रो साता लागेपछि मात्रै केही मात्रामा हिमपात हुन सुरु भएको जानकारी दिनुभयो । यसबाट किसानलाई केही राहत मिलेको बताउनुभयो। "माथिल्लो मनाङमा केही बाक्लो हिमपात भएको छ भने तल्लो मनाङमा आंशिक मात्रामा हिमपात भएको छ", उहाँले भन्नुभयो। बेमौसममा हिमपात बढ्ने देखिएको उहाँले बताउनुभयो । "मङ्सिरदेखि नै प्रायः जसो हिमपात हुन्थ्यो । अहिले फागुनको तेस्रो साता मात्रै हिमपात हुन थालेको छ", नासो गाउँपालिका-५ का वडाध्यक्ष थुतेन लामाले भन्नुभयो, "बल्ल मात्र हिमपातको सुरुआत भएको छ ।" मनाङ डिस्याङ-९ का वडाध्यक्ष च्योल्पा गुरुङले मौसममा हिमपात नभए पनि ढिला गरी हिमपात भइरहेको बताउनुभयो । "विगतमा यतिबेला हिउँले ढकमक्क ढाकिएको हुन्थ्यो, घरको हिउँ फाल्नमा व्यस्त हुन्थ्यौं, अहिले बल्ला आङ्शिक रुपमा हिमपात भएको छ, यसपाला सुक्खापन छ । सुक्खापनले हिमालकै हिउँ पग्लिएका छन्", उहाँले भन्नुभयो । नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कुञ्जो तेन्जिङ लामाले उच्च हिमाली क्षेत्रको बस्तीमा हिमपात भएको तर आवश्यकताअनुसार नभएको बताउनुभयो । "डाँडाकाँडा र हिमालको फेदीतिर हिउँ बाक्लै देखिन्छन् तर बस्ती र खेतबार ीसम्म आइपुग्ने गरी हिमपात भएको छैन", उहाँले भन्नुभयो । उहाँका अनुसार चार हजार दुई सय मिटर उचाइमा रहेको नार र चार हजार ५० मिटर उचाइमा रहेको फू गाउँमा आवश्यक मात्रामा हिमपात हुन सकेको छैन । गाउँले सबै हिमपात र चिसो छल्न यसअघि नै बेसी झरिसकेका छन् । मङ्सिर ४ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा मतदानपछि सबै बेसी झरे पनि हिमपात भने आवश्यक मात्रामा नपरेको उहाँले जानकारी दिनुभयो । विगतमा हिमपात हुन्छ भनेर खाद्यान्न र पशुपंक्षीका लागि घाँस व्यवस्थापन गरी बस्ने गरिन्थ्यो । तर यसपटक सोही अनुसारको व्यवस्था गरिए पनि ढिला गरी हिउँ परेको उहाँले बताउनुभयो । जिल्लामा गत वर्ष असोज तेस्रो सातामा नै हिमपात भएको थियो । यस समयमा खासगरी हिमपात हुने समय भने होइन । प्रायजसो मङ्सिर अन्तिमदेखि मात्र हिमपात हुने गर्दछ ।

चिसो र हिमपात छल्न मनाङवासी कात्तिक अन्तिम र मङ्सिर पहिलो साता बेसी झर्ने गर्दछन् । उनीहरु काठमाडौँ, पोखरा, बेँसीसहरलगायत स्थानतर्फ जाने गर्दछन् । यस पटक भने उनीहरु गाउँघर फर्किने समयमा हिमपातको सुरुआत भएको छ ।

# 'भाषा, व्याकरण र गुरुङ वाक्यविज्ञान: एक परिचय' सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन

शिक्षासेवी रत्नमान गुरुङद्वारा नेपाली, अङ्ग्रेजी र गुरुङ भाषामा लिखति 'भाषा, व्याकरण र गुरुङ वाक्यविज्ञानः एक परिचय' नामक पुस्तक प्रकाशनमा आएको छ ।

पोखरामा शनिबार आयोजित एक कार्यक्रमका बीच नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति साहित्यकार सरुभक्तले पुस्तकको लोकार्पण गर्नुभयो । साहित्यकार गुरुङ करिब चार दशकदेखि पोखराको शैक्षिक उन्नयनका क्षेत्रमा क्रियाशील हुनुहुन्छ । प्याब्सन, नेल्टा र रोटरी क्लब अफ मिडटाउनका पूर्व अध्यक्ष रहनुभएका उहाँ हाल गुरुङ प्राज्ञिक तथा व्यावसायिक मञ्चका अध्यक्ष रहनुभएको छ ।

कार्यक्रममा वरिष्ठ सहित्यकार सरुभक्तले भाषा र साहित्य क्षेत्रका रत्नका रूपमा रत्नमान उदाएको जनाउँदै गुरुङ भाषा विज्ञान जस्तो गहन विषयमा कृति प्रकाशन गरेकामा प्रशंसा गर्नुभयो । उहाँले भन्नुभयो, "साहित्यकार र भाषाविद् हुनु फरक कुरा हुन् । हाम्रा मातृभाषा लोपोन्मुख अवस्थामा पुगिरहेका छन् । भाषिक समुदाय वर्गीकृत भएर होइन, एकीकृत भएर अघि बढ्नु पर्छ । "

कृतिको समीक्षा गर्दै पृथ्वीनारायण क्याम्पसका नेपाली विभाग प्रमुख प्राडा. कुसुमाकर न्यौपानेले नेपाली र अङ्ग्रेजी भाषाका अध्येताका लागि गतिलो पुस्तकका रूपमा उक्त कृतिलाई चित्रण गर्नुभयो । कृतिको पहिलो भागमा भाषा, व्याकरण र लिपिका बारेमा बृहत्त चर्चा गरिएको छ र यसैगरी दोस्रो भागमा गुरुङ वाक्यविज्ञानसम्बन्धी उल्लेख गरिएको छ ।

कार्यक्रममा पुस्तकका लेखक गुरुङले आफ्नो अध्ययन गर्ने बानीको उपज यो पुस्तकको सिर्जना भएको र क्रमशः ध्वनिविज्ञान, वर्णविज्ञान, अर्थविज्ञान आदिमा पनि कलम चलाउँदै जाने बताउनुभयो । कार्यक्रममा गीतकार तथा तुम धीँ युकेका सल्लाहकार एकेन्द्र गुरुङ, कृतिका प्रकाशक भक्तिदेवी गुरुङ, गुरुङ प्राज्ञिक तथा व्यावसायिक मञ्चका पूर्व अध्यक्ष सुन्दर गुरुङ, शिक्षाविद् जर्ज जोन, साहित्यकार रुपिन्द्र प्रभावी, तमु धीँ नेपालका अध्यक्ष हुमबहादुर गुरुङ, कवि चित्रकुमार गुरुङ लगायतले पुस्तकको समीक्षा गर्नुभयो ।

# पूर्वशिक्षकद्वारा आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ फागुन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दाना काभ्रे स्थित सरस्वती आधारभूत विद्यालयलाई पूर्वशिक्षकले रु दुई लाख बढी आर्थिक सहयोग गर्नुभएको छ ।

अन्नपूर्ण -३ दानाका गङ्गाबहादुर पुर्जा र उहाँकी श्रीमती योमाया पुर्जाले रु एक लाख ५१ हजार एक सय पाँच सहयोग गर्नुभएको हो । यसअघि रु एक लाख सहयोग गर्नुभएका हाल बेलायतमा बसोबास गर्नुहुने गङ्गाबहादुरका भाई कमलबहादुर पुर्जा र उहाँकी श्रीमती शान्ति पुर्जाले थप रु ५० हजार उपलब्ध गराउनुभएको छ । बिदा मनाउने क्रममा नेपाल आउनुभएका पुर्जा परिवारले काभ्रेमा पुगेर विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावकलाई नगद हस्तान्तरण गर्नुभएको थियो । पुर्जा दाजुभाईले बेलायती सेनामा भर्ती हुनुअघि मुस्ताङको सिमानामा रहेको सो विद्यालयमा अध्यापन गराउनुभएको थियो । पचास विद्यार्थी अध्ययनरत विद्यालयका निजी स्रोतका शिक्षकको तलबका लागि सहयोग रकम परिचालन गरिने विद्यालयले जनाएको छ ।

शारीरिक रुपमा अपाङ्गता भएका पुर्जाले यसअघि पनि बेलायत सरकारले पेन्सन वापत दिने तलब वापतको रकम जिल्लाका विभिन्न विद्यालयलाई उपलब्ध गराउनु भएको छ । सन् १९८९ मा गोर्खा सैनिकमा भर्ति भएका पुर्जा सन् २००६ मा सेवा निवृत्त हुनुभएको थियो । सैनिक सेवामा प्रवेश गरेको तीन वर्षमै ढाडमा समस्या देखिएपछि उनी अहिलेपनि वैशाखीको साहराले हिँड्डुल गर्नुहुन्छ ।

उहाँले प्रवासी नेपालीलाई सहयोग गर्ने उद्देश्यले मद्दत समूह नामक संस्था पनि स्थापना गर्नुभएको छ । शारीरिक रुपमा अशक्त भए पनि पुर्जाले दुःखमा परेका नेपालीलाई बेलायतमा सहयोग जुटाउन सक्रिय भूमिका निभाउँदै आउनुभएको छ । सो समूहलाई बेलायत सरकारले ' क्वीन अवार्ड' समेत प्रदान गरेको जनाइएको छ ।

# तनहुँका १७ विद्यालयमा अक्षयकोष

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ फागुन

विपन्न, अपाङ्गता भएका, सिमान्तकृत तथा अल्पसङ्ख्यक बालबालिकालाई शैक्षिक पहुँचमा पुऱ्याउने उद्देश्यले तनहुँका विद्यालयमा अक्षयकोष स्थापना गरिएको छ ।

सदरमुकामस्थित दमौली सङ्गम क्लबद्वारा जिल्लाभित्रका १७ विद्यालयमा एकैसाथ अक्षयकोषको स्थापना गरिएको छ । क्लबले प्रत्येक विद्यालयमा रु एक लाखभन्दा बढीको अक्षयकोष स्थापना गरेको हो ।

संस्थाले ती विद्यालयमा रु एक लाख पाँच हजार बराबरको अक्षयकोष स्थापना गरेको संस्थाका अध्यक्ष नरेन्द्रराज वाग्लेले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लाका १७ माध्यमिक विद्यालयमा रु एक लाख पाँच हजार बराबरको अक्षयकोष स्थापना गरिएको हो । पहिलो चरणमा ती विद्यालयमा अक्षयकोष स्थापना गरिएको र विस्तारै थप अन्य विद्यालयमा समेत कोष स्थापना गर्ने लक्ष्य रहेको अध्यक्ष वाग्लेले बताउनुभयो । "ती विद्यालयका गरिब, विपन्न, असहाय, अपाङ्गता भएका र जेहेन्दार विद्यार्थीलाई पठनपाठनमा सहयोग पुऱ्याउने उद्देश्यले अक्षयकोष स्थापना गरिएको हो", उहाँले भन्नुभयो । कोषमा रहेको रकमको ब्याजबाट हरेक वर्ष गरिब, विपन्न, अपाङ्गता भएका र जेहेन्दार विद्यार्थीलाई प्रोत्साहनस्वरुप छात्रवृत्ति प्रदान गरिने क्लबले जनाएको छ । व्यासका सत्यवती माध्यमिक विद्यालय र क्यामिन माध्यमिक विद्यालय, बन्दीपुरको भानु माध्यमिक विद्यालय, ऋषिङको महेन्द्रोय माध्यमिक विद्यालय, भिमादको सिद्धार्थ माध्यमिक विद्यालय, शुक्लागण्डकीको पञ्चमुनिदेव माध्यमिक विद्यालय, भानुको होमराज लोहनी माध्यमिक विद्यालयमा अक्षयकोष स्थापना गरिएको छ । त्यस्तै म्याग्देको राधा माध्यमिक विद्यालय, ऋषिङको सहिद गङ्गा माध्यमिक विद्यालय, अमरज्योति माध्यमिक विद्यालय, जनप्रेमी माध्यमिक विद्यालय, महेन्द्र माध्यमिक विद्यालय, शिव माध्यमिक विद्यालय र चन्द्रज्योति माध्यमिक विद्यालयलगायतका विद्यालयमा अक्षयकोष स्थापना गरिएको क्लबले जनाएको छ ।

दमौलीसङ्गमक्लबले 'शैक्षिक प्रोत्साहन अक्षयकोष २०७९' कार्यक्रमअन्तर्गत अक्षयकोष स्थापनार्थ सम्झौतापत्रमा संस्थाका अध्यक्ष र सम्बन्धित विद्यालयका प्रधानाध्यापकले हस्ताक्षर गरेका छन् । सो शैक्षिक प्रोत्साहन अक्षयकोष सम्झौता कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले प्रत्येक विद्यालयमा अक्षयकोषको स्थापना गरिँदा विपन्न, असहाय तथा जेहेन्दार विद्यार्थीको पठनपाठनमा सहयोग पुग्ने बताउनुभयो । "यसले गरिब र जेहेन्दार विद्यार्थीलाई विद्यालयमा नियमित गराउनुका साथै पढाईप्रति प्रेरित गराउनेछ", न्यौपानेले भन्नुभयो । सम्झौता कार्यक्रममा शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख वसन्तराज पौडेल, व्यासका शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख नवीन पराजुली, संस्थाका उपाध्यक्ष रामेश्वर पण्डित, सचिव गीताकुमार ढुङ्गाना लगायतले क्लबले शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा उल्लेखनीय काम गर्दै आएको बताउनुभएको थियो । क्लबले जिल्लाका सबै पालिकाका विद्यालयमा अक्षयकोष स्थापना गर्न लागेको हो ।

# शहिद स्मारक 'ए' डिभिजन लिग फुटबल

**रासस**
काठमाडौं, २१ फागुन

शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगितामा सातदोबाटो युथ क्लब विजयी भएको छ ।

सातदोबातोस्थित च्यासल रङ्गशालामा आज भएको खेलमा सातदोबाटोले न्युरोड टिम (एनआरटी) लाई २-१ गोल अन्तरले हराउँदै विजयी भएको हो । सातदोबाटोको जितमा दीपकराज ठकुरीले दुई गोल गरे । यता एनआरटीका लागि भने निकोलस सङ्ले एक गोल फर्काए । खेलको ४५औँ मिनेटमा दीपकले गोल गर्दै सातदोबाटोलाई सुरुआती अग्रता दिलाएका थिए ।

त्यस्तै खेलको पहिलो हाफको इन्जुरी समयमा एनआरटीका निकोलसले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए । त्यसपछि खेलको ८४औँ मिनेटमा दीपकले व्यक्तिगत दोस्रो गोल गर्दै सातदोबाटोलाई २-१ को जित दिलाए । यस जितसँगै सातदोबाटोले पहिलो खेलमै ३ अङ्क जोडेको छ । एनआरटीले भने हारबाट प्रतियोगिताको सुरुआत गरेको छ । यसैगरी, त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आजै भएको अर्को खेलमा त्रिभुवन आर्मी क्लब र सङ्कटा क्लबले गोलरहित बराबरी खेलेका छन् । यस बराबरीमा सँगै दुवै टोलीले पहिलो खेलमा १-१ अङ्क बाँडेका छन् ।

# छात्रवृत्ति वितरण

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ फागुन

गाउँ सेवा कोष तनहुँले विपन्न तथा जेहेन्दार विद्यार्थीलाई रु पाँच लाख छात्रवृत्ति वितरण गरेको छ ।

जिल्लाका ६५ विद्यालयका एक सय ९५ विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको कोषका केन्द्रीय अध्यक्ष श्यामसुन्दर अधिकारीले जानकारी दिनुभयो । "शिक्षाबाट वञ्चित हुने अवस्थामा रहेका विपन्न विद्यार्थीलाई पठनपाठनमा सहयोग पुऱ्याउने उद्देश्यले छात्रवृत्ति वितरण गर्दै आएका छौं", उहाँले भन्नुभयो । सोही अवसरमा माध्यमिक शिक्षा परीक्षा (एसइई) मा जिल्लाको सर्वोत्कृष्ट हुने छात्रातर्फ खैरेनी माध्यमिक विद्यालयका सुलोचना सुवेदी र छात्रतर्फ सत्यवती माविका सिद्धार्थ पण्डितलाई रु पाँच हजारका दरले पुरस्कार प्रदान गरिएको थियो । अध्यक्ष अधिकारीले कोषले ज्येष्ठ नागरिक सम्मानबाट ८८ वर्षीया यमकुमारी घिमिरे र ७८ वर्षीय कर्णराम शाहीलाई सम्मान गरिएको बताउनुभयो । भानुघाँसी सम्मान विधाबाट गायिका आशा विसिलाई सम्मान गरिएको कोषका सदस्य सचिव रामजी अधिकारीले जानकारी दिनुभयो । गतवर्ष पनि सो संस्थाले जिल्लाभरका विपन्न तथा जेहेन्दार विद्यार्थी र विभिन्न विधामा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउँदै आएको व्यक्तिलाई सम्मान गर्दै आएको थियो । गतवर्ष रु छ लाख बराबरको सम्मान तथा छात्रवृत्ति प्रदान गरिएको उहाँले जानकारी दिनुभयो ।

जिल्ला न्यायाधीश कोमलप्रसाद आचार्य, गाउँ सेवा कोष तनहुँका अध्यक्ष सोमबहादुर थापा, डा ध्रुव अधिकारी, तुलसीशरण सिग्देल, रुद्रबहादुर थापा, परशुराम गिरी लगायतले कोषले विविध विधासहित सामाजिक क्षेत्रमा योगदान पुऱ्याएको चर्चा गर्नुभएको थियो । सोही अवसरमा कोषले कलेस्ती उपत्यका संरक्षण अभियानका संयोजक बाबुराम खनाललाई सम्मान गर्नुका साथै २९ बटुकको सामूहिक व्रतवन्धका लागि सहयोग समेत गरेको जनाइएको छ । कोषले हालसम्म करिब तीन सय विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिसकेको छ ।

# कमजोर संरचनामा प्रहरीचौकी

**रासस**
गलकोट, २१ फागुन

ढुङ्गेछानो ढल्किएको छ, कोठाभित्रै छानोबाट प्रकाश आउँछ, पानी पऱ्यो भने विस्तारा पोको पार्नुपर्छ । चुहिने ढुङ्गेछानोमा पाल टाँगिएको छ । यो कष्टकरपूर्ण अवस्थामा बसेको नेपाल प्रहरीले जनताको सुरक्षामा खटिना कसरी सक्ला ? यो कन्तविजोक अवस्थामा गुजारा चलाउँदै आएको छ इलाका प्रहरी कार्यालय भीमगिठे ।

जीर्ण भीमगिठे माध्यामिक विद्यालयको भवनमा बस्दै आएको इलाका प्रहरी कार्यालय आफैँ असुरक्षित छ । हावाहुरी आउँदा ढुङ्गा खस्ने र पानी पर्दा चुहिने गरेको छ । जीर्ण भवनका डाँडाभाटासमेत भाँचिएका छन् । जनताको शान्तिसुरक्षामा खटिने बागलुङका प्रहरीचौकी आफैँ असुरक्षित हुनु दुःखद् रहेको भीमगिठेका स्थानीय दीपक केसीले बताउनुभयो ।

"चुहिने भवनमा कष्टका साथ वर्षौंदेखि बस्दै आएको इलाका प्रहरी कार्यालय निर्माणमा सरोकारवाला निकायले कुनै चासो दिएको छैन", केसीले भन्नुभयो, "हावाहुरी लाग्दा पाल उडाउँछ, पानी पर्दा चुहिन्छ, यस्तो अवस्थामा बसेको प्रहरीले कसरी जनतालाई सुरक्षा दिन सक्ला ?"

यस विषयमा गाउँपालिकालेसमेत तत्कालै अस्थायी टहरा निर्माण गरेर भए पनि प्रहरीलाई बस्ने व्यवस्था मिलाउन आवश्यक रहेको केसीको भनाइ छ । पुरानो स्कूल त्यहाँबाट हटेपछि निजी घरमा बस्दै आएको प्रहरी कार्यालय अहिलेको स्थानमा बसेको थियो । अहिले प्रहरीको नाममा जग्गा प्राप्ति भइसक्दासमेत भवन निर्माणमा कतैबाट बजेट नआउनु दुःखद् रहेको केसीको भनाइ छ । बडीगाड भूगोलका हिसाबले निकै विकट रहेकाले २३ जनाको दरबन्दीमा अहिले १० जना मात्रै प्रहरी कार्यरत छन् । अहिले प्रहरी सहायक निरीक्षक उज्ज्वल शर्माको नेतृत्वमा रहेको प्रहरीचौकीले अव्यवस्थित बसोबाससँगै सुरक्षा दिइराखेको छ । चार वर्षअघि नै स्थानीयले चन्दा सङ्कलन गरी रु १५ लाख लागतमा पाँच रोपनी जग्गा खरिद भइसकेको स्थानीय चन्दादातासमेत रहनुभएका केसीको भनाइ छ ।

प्रहरीको भवन निर्माणका लागि आफूले कार्यकाल समाल्दा साथ पहल गरे पनि कतैबाट बजेट नआएको बडीगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिनुभयो । उहाँले प्रहरीको भवन बनाउन गाउँपालिकाको बजेटले नसक्ने जनाउँदै प्रदेश र सङ्घीय सरकारलाई पटकपटक प्रहरी कार्यालयको दूरावस्थाको विषयमा जानकारी गरिएको बताउनुभयो । "आठ महिनादेखि बजेट विनियोजनका लागि पोखरा र काठमाडौँका तालुकदार मन्त्रालयमा धाएको छु, कतैबाट बजेट परेको छैन, बर्खा लाग्दा ओत्ने कसरी हो अहिले चिन्ताको विषय छ", अध्यक्ष थापाले भन्नुभयो । इलाका प्रहरी कार्यालय भीमगिठे एउटा उदाहरण मात्रै हो ।

मालढुङ्गा प्रहरी चौकी, प्रहरी चौकी झिवाखोला र प्रहरीचौकी बोङ्गादोभानमा समेत भवन अभावमा प्रहरीलाई सास्ती भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रमुख प्रहरी उपरीक्षक योगेन्द्रकुमार खड्काले जानकारी दिनुभयो ।

"अहिले चार वटा प्रहरी कार्यालय भाडाकै घरमा छन्, केही प्रहरीचौकी जीर्ण अवस्थामा सञ्चालित छन्, सुविधा सम्पन्न भवनबाट जनताको सुरक्षामा खटिँदा सहज हुन्थ्यो, जिल्लाले समग्र प्रहरी युनिटको विषयमा केन्द्रमा जानकारी गराएको छ", प्रहरी उपरीक्षक खड्काले भन्नुभयो, "जनशक्तिकोसमेत जिल्लामा अभाव छ, यो समस्या नेपालभरको हो, सीमित जनशक्तिलाई परिचालन गरेर अधिकतम सुरक्षा दिने हाम्रो प्रयास छ, तर प्रहरी आफैँ असुरक्षित भएर जनताको सुरक्षामा खटिन असहज नै हुन्छ ।"

प्रहरी युनिटको कुरा मात्रै नभएर जिल्ला प्रहरी कार्यालयमा आवास अभावका कारण भाडाका घरमा प्रहरी राख्नुपर्ने अवस्था रहेको खड्काको भनाइ छ । खड्काका अनुसार अहिले जिल्ला प्रहरी कार्यालयमा प्रहरी आवास निर्माणाधीन अवस्थामा रहेको र निर्माण सम्पन्नपश्चात् सहज हुनेछ ।

## माइग्रेसन सर्टिफिकेट हरायो

यहि मिति २०७९ माघ २० गते घोरेपाटनबाट बिरौटा आउँदै गर्दा मेरो निम्न विवरणको नेपाल सरकार राष्ट्रिय परिक्षा बोर्डबाट प्राप्त कक्षा ११ र १२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाईदिनुहुन अनुरोध गर्दछु ।

**नाम** : मनोज सुवेदी (MANOJ SUBEDI)
**सिम्बोल नं** : २४००१७८७, **वर्ष** : २०७६
**रजिष्ट्रेसन नं.** : ७५४०१२१५६
**सम्पर्क नं** : ९८१८३२५९६७